## १७ जिल्ला

१. लाभग्राही मरेको अवस्थामा को सँग कसरी सम्झौता गर्न सकिन्छ <

- लाभग्राही मरेको अवस्थामा नजिकको नाता पर्ने तथा हकवालासँग दोस्रो पक्षलाई विश्वास भएमा अनुदान सम्झौता गरी लाभग्राहीको नाम LMBIS मा संशोधन गरी भूक्तानी दिन सकिने ।

२. लाभग्राही विदेश गएको अवस्थामा को सँग कसरी सम्झौता गर्न सकिन्छ <

- नीजको श्रीमती वा हकवालासँग मञ्जुरीनामा लिई दोस्रो पक्षलाई विश्वास सम्झौता गरी लाभग्राहीको नाम LMBIS मा संशोधन गरी भूक्तानी दिन सकिने ।

३. लाभग्राही काठमाण्डौमा भएकोमा निजले काठमाण्डौ बाटै आधिकारिक प्रतिनिधि तोकी पठाउन पाउने कि नपाउने <

- पाउने

४. लाभग्राहीको सूची आउँदा आउँदै निजको नाममा रहेको जग्गा श्रीमतीको नाममा राजीनामा भएपछि धनीपूर्जा श्रीमतिकै राख्न मिल्ने कि नमिल्ने <

- जग्गा प्रयोग गर्ने मञ्जुरीनामा दिएमा सम्झौता गर्न मिल्ने ।

५. लाभग्राही बुहारी रहेको र जग्गा ससुराको हुँदा लालपूर्जाको हकमा के गर्ने <

- आफ्नो परिवार भित्र अरु कसैको नाममा रहे पनि जग्गा प्रयोग गर्ने मञ्जुरीनामा दिएमा सम्झौता गर्न मिल्ने ।

६. लाभग्राहीको नाममा लालपूर्जा नै छैन तर निज परम्परादेखि नै बसोबास भई आएको छ । उक्त घर रहेको जग्गा गुठीको नाममा छ, गुठीबाट व्यक्तिमा वा गुठीले नै प्रयोग गर्न सक्ने अवस्था पनि देखिंदैन त्यस्तो हकमा के गर्ने <

- पछि पत्राचार गरिने ।

## निस्सा नम्बर सम्बन्धमा

- उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मिति २०७३।०८।१४, च.नं.१०२ को पत्रानुसार लाभग्राहीको सूचीमा नाम समावेश भएका तर निस्सा नं. मा NULL भई अनुदान सम्झौता गर्न नसकिएका वा निस्सामा विवरणहरु फरक परेका वा निस्सा हराएका लाभग्राहीको सम्बन्धमा लाभग्राही सूचीको नामावलीसँग सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाण पत्र, जग्गाधनी प्रमाण पुर्जा, लगायत कानूनी मान्यता प्राप्त प्रमाण भिडाई सो को आधारमा स्थानीय निकायका सचिवले सम्बन्धित स्थानका सम्बन्धित व्यक्ति हुन भनि यकिन गरी अनुदान सम्झौता गरी अनुदान भूक्तानी लगायतका व्यवस्था मिलाउनु हुन कार्यकारी समितिको मिति २०७३।०८।१० को निर्णयानुसार आदेश भई आएकोले सोही अनुसार गर्न गराउनु हुन अनुरोध छ ।